



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क ३२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २७ गते सोमबार ❑ 13 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## कांग्रेस नेतृत्वका लागि उम्मेदवारको अन्तिम नामावली सार्वजनिक

**रासस**

**काठमाडौं, २६ मंसिर**

नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले १४औं महाधिवेशनमा नेतृत्वको मतदानका लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको छ।

अन्तिम नामावलीअनुसार सभापतिमा शेरबहादुर देउवा, विमलेन्द्र निधि, प्रकाशमान सिंह, डा शेखर कोइराला र कल्याणकुमारगुरुङकोउम्मेदवारी कायम छ। शनिबार सभापति पदमा उम्मेदवारी दिनुभएका गोरखाका महाधिवेशन प्रतिनिधि युवराज न्यौपानेले भने उम्मेदवारी फिर्ता लिनुभएको छ। पाँच जनामध्येबाट सभापतिमा एकजना निर्वाचित गर्नुपर्ने छ। यसैगरी दुई जना उपसभापतिका लागि विजयकुमार गच्छदार, पूर्णबहादुर खड्का, महेश आचार्य, सुजाता कोइराला, डा चन्द्र भण्डारी, धनराज गुरुङ र दिव्यश्वरी शाह गरी सातै जनाको उम्मेदवारी कायमै छ। दुई महामन्त्री पदका लागि छ जनाको उम्मेदवारी परेको छ। महामन्त्रीमा डा प्रकाशशरण महत, डा मीनेन्द्र रिजाल, विश्वप्रकाश शर्मा, गगनकुमार थापा, प्रदीप पौडेल र डा राजाराम कार्कीको उम्मेदवारी कायमै छ।

एक महिला सह-महामन्त्री पदमा कमला पन्त र डीना महालक्ष्मी उपाध्याय, दलित एक सह-महामन्त्री पदमा मानबहादुर विश्वकर्मा, जीवन परियार र गङ्गा सुनारको उम्मेदवारी परेको छ। आदिवासी जनजातितर्फ एक सहमहामन्त्री पदका लागि विकास लामा र भीष्मराज आङ्दाङ्वेको उम्मेदवारी कायमै छ। खस आर्यतर्फ एक सहमहामन्त्री पदका लागि देवराज चालिसे र किशोरसिंह राठौर दुई जना प्रतिस्पर्धामा हुनुहुन्छ। मधेशीतर्फ एक सहमहामन्त्री पदमा रञ्जीत कर्ण, रामकृष्ण यादव र महेन्द्र यादवको उम्मेदवारी कायम छ। मुस्लिमतर्फ एक सहमहामन्त्री पदका लागि फरमुल्लाह मन्सुर र शेख वकीलको उम्मेदवारी छ। थारुतर्फ एक सहमहामन्त्री पदका लागि तेजुलाल चौधरी र उमाकान्त चौधरीको उम्मेदवारी छ। थारुतर्फबाट सहमहामन्त्री पदमा उम्मेदवारी दिनुभएका सुरेन्द्रप्रसाद चौधरीले उम्मेदवारी फिर्ता लिनुभएपछि दुई जनामात्र प्रतिस्पर्धामा कायम रहनुभएको हो। पिछडिएको क्षेत्रबाट निर्वाचित हुने एक सहमहामन्त्री पदका लागि बद्रीप्रसाद पाण्डे, जीवनबहादुर शाही र चेतराज बजालको उम्मेदवारी पनि कायमै रहेको निर्वाचन समितिले जनाएको छ।

यस महाधिवेशनमा महाधिवेशन प्रतिनिधिको सङ्ख्या जम्मा चार हजार ७४३ कायम रहेको छ। पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार १६५ सङ्घीय निर्वाचन क्षेत्र, भ्रातृ तथा शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्कबाट गरी उक्त सङ्ख्यामा महाधिवेशन प्रतिनिधि चयन हुनुभएको हो। यसअघि शुक्रबार भृकुटीमण्डपमा भव्य समारोहका बीच महाधिवेशनको उद्घाटन भएको थियो।

शनिबार उम्मेदवारले मनोनय दर्ता गराउनुभएको हो। आइतबार उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएसँगै सोमबार बिहान ८ बजेदेखि मतदान हुने कार्यक्रम तय भएको छ।

## एमालेद्वारा पोटिलब्यूरो चयन

**रासस**

**काठमाडौं, २६ मंसिर**

नेकपा (एमाले)ले पोलिटब्यूरो सदस्य चयन गर्नुका साथै केन्द्रीय सदस्यमा मनोनित गरेको छ। आइतबार बसेको दोस्रो केन्द्रीय कमिटीको बैठकले सातै प्रदेशको प्रदेश कमिटी गठनसमेत गरेको छ।

केन्द्रीय कमिटी बैठकले ८० सदस्यीय पोलिटब्यूरो गठन गरेको केन्द्रीय सदस्य महेश बस्नेतले जानकारी दिनुभयो। बैठकले पोलिटब्यूरो सदस्यमा घनश्याम भुसाल, गुरु बराल, देवराज घिमिरे, भीम आचार्य, लालबाबु पण्डित, खगराज अधिकारी, किरण गुरुङ, काशीनाथ अधिकारी, रघुजी पन्त, भानभुक्त ढकाल, मणि थापा, शेरधन राई, कृष्णगोपाल श्रेष्ठ, यमलाल कँडेल, अग्नि खरेल, शम्भू साह, राजन भट्टराई, सीता पौडेल, विन्दा पाण्डे, गोरखबहादुर बोगटी, कर्ण थापा, राजेन्द्र गौतम, थममाया थापा र शेरबहादुर तामाङ चयन गरेको केन्द्रीय सदस्य महेश जानकारी दिनुभयो। त्यसैगरी काशीनाथ अधिकारी, हिक्मत कार्की, गोकुल बाँस्कोटा, महेश बस्नेत, अरुण नेपाल, देवी ज्ञवाली, परशुराम मेघी गुरुङ, पुरुषोत्तम पौडेल, आनन्द पोखरेल, लीला गिरी, जगत विक, कमल चौलागाई, बालकृष्ण ढुङ्गेल, ईश्वरबहादुर रिजाल, जीतु गौतम, विनोद श्रेष्ठ, सुमन प्याकुरेल, भैरवसुन्दर श्रेष्ठ, रामदयाल मण्डल, दलबहादुर राना, गोकुल घर्ती, बैजनाथ चौधरी, टुकराज सिग्देल र लिलानाथ श्रेष्ठलाई चयन गरेको छ।

बैठकले खेममान खड्का, राजेन्द्र रावल, नारदमुनी राना, सूर्य थापा, मना केसी, सुशीला नेपाल, पार्वत गुरुङ, लिलबहादुर थापा मगर, सुजिता शाक्य, ज्वालाकुमारी साह, मोहन बाँनिया, मञ्जु चौधरी, अच्यूत मैनाली, बिशाल भट्टराई, गणेश ठगुन्ना, खिमलाल भट्टराई, दधिराम न्यौपाने, देवेन्द्र दाहाल, रामेश्वर फूँयाल, ठाकूर गैर, तिलक मेन्यांवो, जुली कुमारी महतो, गौरी ओली, निरुदेवी पाल, बिमला घिमिरे, लिलाकुमारी भण्डारी, शान्ता चौधरी, सीता गिरी ओली, नरुलाल चौधरी, कृष्णबहादुर राई, गुलाबजङ्ग शाह र लक्ष्मी पोखरेललाई चयन गरिएको केन्द्रीय सदस्य बस्नेतले जानकारी दिनुभयो।

त्यसैगरी बैठकले २९ जना पुरुष र १४ जना महिलासहित ४४ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरेको छ। मनोनित हुनेमा दल फडेरा, मानबीर राई, एन महर, चन्द्रमोहन श्रेष्ठ, रतननाथ योगी, रमेश पौडेल, पदम गिरी, सूर्य पाठक, यज्ञ बोगटी, हरि घिमिरे, युवराज बास्कोटा, विशाल भट्टराई, उद्धव रेग्मी, बद्री न्यौपाने, रुपनारायण श्रेष्ठ, प्रेम दङ्गाल, हरिकृष्ण ब्यञ्जनकार, सुवास देवकोटा, भिम केसी, लालबाबु पण्डितलाई मनोनित गरिएको केन्द्रीय सदस्य बस्नेतले जानकारी दिनुभयो। एकता प्रक्रियाबाट आएकामध्ये चन्द्रमोहन गौतम, रेशम लामा, दुर्गा प्रसाईं, चुडा तामाङ, कृष्ण केसी, गोविन्द दुलाल, सहदेव बोगटी, कालसिं काउचा, विषमलाल अधिकारीलाई केन्द्रीय सदस्यमा मनोनित गरिएको छ। महिलातर्फ इन्दिरादेवी गौतम, सरस्वती चौधरी, यमुना रोक्का, उमा कोइराला, कल्पना चापागाईं,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अहिलेको परिस्थितिमा सभापतिमा जित्नुपर्छ : देउवा

**रासस**

**काठमाडौं, २६ मंसिर**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले १४औं महाधिवेशनबाट आफू सभापति निर्वाचित भएमा सरकार आगामी राष्ट्रिय निर्वाचनसम्म रहिरहने बताउनुभएको छ।

महाधिवेशन प्रतिनिधिलाई बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै देउवाले आफू सभापति निर्वाचित हुन जरुरी रहेको उल्लेख गर्दै आफूलाई महाधिवेशनमा जिताए सबैका माग पूरा गर्ने बताउनुभयो। उहाँले नेपाली कांग्रेसलाई कुनै व्यक्तिको नभई सबैको पार्टी बनाउने प्रतिबद्धतासमेत जनाउनुभयो।

"हिजोको सरकार हुँदा कस्तो हालत थियो, तपाँइहरूलाई थाहा नै छ र अहिले कति हलुका भएको छ, त्यसैले अहिलेको बेला यो कांग्रेसले जित्न जरुरी छ, कांग्रेसले जितेको खण्डमा मात्रै देशलाई अघि बढाउन सकिन्छ, त्यसका लागि यो महाधिवेशन महत्वपूर्ण छ", उहाँले भन्नुभयो, "सभापतिमा मैले पनि उम्मेदवारी दिएको छु, अत्यधिक बहुमतले मलाई जिताउनुभयो भने अवस्य नै म सम्पूर्ण मागहरू पूरा गर्नेछु।"

उहाँले आफू पार्टी सभापति भएको खण्डमा अहिलेको सरकार टिकिरहने र राष्ट्रिय निर्वाचन पनि यही सरकारले गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "म पार्टी सभापति भएको खण्डमा यो सरकार टिकिरहनेछ, आफूले सभापतिमा हारेको खण्डमा नैतिक रूपमा बसिरहन मिल्दैन भनेर सबैले हल्ला गर्नेवाला छन्, त्यसैले पनि अहिलेको परिस्थितिमा सभापति जित्नुपर्ने आवश्यकता मैले देखेको छु।" राष्ट्रमा प्रजातन्त्र भएमात्रै आफ्ना अधिकारको लागि लड्न सकिने र प्रजातन्त्रबिनाको देश कल्पना गर्न नसकिने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यो आफ्नो अन्तिम बेला भएको तथा सभापति हारेमा सभापति नजित्नेले के देश चलाउँछ भन्ने प्रश्न उठाउने भएकाले पनि जित्नैपर्ने दबाब रहेको दोहोऱ्याउनुभयो। प्रधानमन्त्री देउवाले केपी शर्मा ओलीलाई हटाएर आफू प्रधानमन्त्री बन्न सफल भएको र पार्टी सभापतिमा जिते मात्रै सबै दलहरूलाई लिएर स्थानीय तहदेखि केन्द्रीय तहसम्मको सरकार बनाउने बताउनुभयो। "अहिलेको परिस्थितिमा मैले कसैलाई मेरो खिलापमा मेरो विरोध गरेको होइन, तर मेरो यो अन्तिम बेला हो, आफूले सभापतिमा जितेको खण्डमा मात्रै यो पार्टीलाई नेपालमा पूरा सबै पार्टीलाई तलदेखि माथिसम्म मिलाएर सबै दलहरूको सहभागितामा सरकार बनाउन सक्नेछु", उहाँले भन्नुभयो। प्रधानमन्त्री देउवाले नेपालको संविधान बचाउन, आदिवासी, जनजातिको हकअधिकार सुनिश्चित् गर्न, महिलालाई उचित अधिकार प्रदान गर्न आवश्यक रहेको बताउनुभयो। संविधानले देशमा भएका सबै जनजातिको भावनालाई समेटेको उल्लेख गर्दै उहाँले आफ्नो पार्टीले पनि आदिवासी, जनजातीलगायतका सबैभन्दा पछाडि परेको कर्णाली, दलित, जनजाती, मुस्लिम, महिला सबैलाई आरक्षणको व्यवस्था गरेको बताउनुभयो।




## कांग्रेसभित्र सामूहिक नेतृत्वका लागि मेरो उम्मेदवारी : डा कोइराला

**रासस**

**काठमाडौं, २६ मंसिर**

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले कांग्रेसभित्र सामूहिक नेतृत्वका लागि सभापतिमा आफ्नो उम्मेदवारी रहेको बताउनुभएको छ।

उहाँले आज साँझ पत्रकार सम्मेलन गरी पार्टीभित्र सामूहिक नेतृत्वका लागि आफ्नो समूहले उम्मेदवारी दिएको स्पष्ट पार्नुभएको हो।

"पार्टीभित्र भ्रातृ तथा शुभेच्छुक संस्थालाई सुदृढ र जिम्मेवार बनाउन तथा गतिशील एवम् ऊर्जाशील कांग्रेस निर्माणका लागि उम्मेदवारी प्रस्तुत गरेका हौं," कोइरालाले भन्नुभयो। उहाँले पार्टीलाई जवाफदेही र पारदर्शी बनाउनका लागि आफू प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। पार्टीभित्रको गुट, उपगुट र भागबन्डामा नलाग्न कार्यकर्तालाई कोइरालाले आग्रहसमेत गर्नुभयो।

"पार्टी जनताप्रति उत्तरदायी हुनुपऱ्यो, सरकार र गठबन्धनलाई अझै मजबुद बनाउनतर्फ हाम्रो नेतृत्व लाग्नेछ, विगतको इतिहासलाई सम्झेर हामीलाई विजयी गराउनुहुनेछ भन्ने विश्वास लिएका छौं," उहाँले भन्नुभयो।

पार्टीभित्रका अनुभवी नेताको अनुभवलाई लिएर अगाडि बढ्ने कोइरालाको भनाइ थियो। उपसभापतिका उम्मेदवार डा चन्द्र भण्डारी, महामन्त्रीका उम्मेदवार गगनकुमार थापालगायतले सोमबार हुने निर्वाचनमा कांग्रेसलाई विजयी गराउनका लागि सबैलाई समेट्ने र कांग्रेस निर्माण गर्ने बताएका थिए।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

- प्रेमचन्द

## सम्पादकीय

# राज्यशक्तिको दुरुपयोग नहोस्

नेपाली काङ्ग्रेसको नेपाली काँग्रेसको सभापतिका उम्मेदवार एवं प्रधानमन्त्री शेरबहादुर देउवाले आफू महाधिवेशनमा पराजित भए गठबन्धन सरकार ढल्ने भन्दैछन् । आफ्नो सरकार बचाउने हो भने सभापतिमा जिताउनुपर्ने कार्यकर्तासमक्ष देउवाको दलीलछ । देउवाको प्रतिस्पर्धी बनेका डा. शेखर कोइरालाले चाहिँ पार्टीको नेतृत्व फेरिँदैमा सरकार नढल्ने र देउवाकै नेतृत्वमा तीन तहको चुनाव जित्ने प्रतिवद्धता जनाएका छन् । पार्टी सभापतिका लागि कार्यकर्तासँग मत माग्ने क्रममा वर्तमान सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले भने, 'म पार्टी सभापति भएको खण्डमा यो सरकार चुनावसम्मका लागि टिकिरहनेछ । मैले चुनाव हारेको खण्डमा शेरबहादुरको नेतृत्वमा प्रधानमन्त्रीमा बस्नै पाइँदैन भनेर होहल्ला गर्नेछन् सबैजनाले । त्यसकारणले पनि पार्टी सभापति जित्नु आवश्यक छ ।

प्रधानमन्त्री देउवाले सरकारमा टिक्नका लागि सभापति जित्नैपर्ने तर्क अघि सार्दै भने, 'जितेन भने पार्टी सभापति नजित्नेले के देश चल(ाउँछ भन्छन् । के प्रधानमन्त्री बन्न सक्छ भन्छन् । त्यसैकारण मैले पार्टी सभापति जित्न आवश्यक छ । नभएको खण्डमा भोलिपल्ट शेरबहादुर हार्यो, हारेकोलाई कहाँ बनाउने भनेर अरुले आक्रमण गर्न थाल्छन् । त्यसकारण सरकार नेपाली काँग्रेसको हुन आवश्यक छ । मैले जित्न आवश्यक छ ।पार्टीको चुनावमा सरकार जोगाउने कुरा नेतृत्व परिवर्तनको लागि माग गर्नेलाई चिसै पानीले नुहाउ भन्नू जस्तै हो । राजनीतिमा जवाफदेहिता नभएपछि हारको जिम्मेवारी नलिएका देउवाको सत्ता लिप्सा कति छ भन्ने छर्लङ्ग हुन्छ । ०७४ को चुनावमा आफ्नै नेतृत्वमा पार्टीलाई जित दिलाउन नसकेको आरोप खेपेका देउवाले यसपटक आफूले पार्टी सभापति जितेमा तीनै तहका चुनावमा काँग्रेसलाई जिताउँछु भन्नू दिउँसै रात पार्नु हो ।सर्वोच्च अदालतका प्रधानन्यायाधीश र बरिष्ठ न्यायाधीशहरूसंग सेटिङ मिलाएर केपी ओलीलाई हटाएर प्रधानमन्त्री बनेका देउवाले फेरि राज्यशक्तिको दुरुपयोग गरेर जिताउने बाहेक कुनै एजेन्डा छैन । यदि मैले जितेको खण्डमा मात्रै यो पार्टीलाई सबै गाउँदेखि माथिसम्मको सरकार बनाउन सक्ने कुरा सरासर झुट हो ।पार्टीको आन्तरिक प्रतिस्पर्धामा सरकार फेरबदलको कुरा गर्नु राज्य शक्तिको दुरुपयोग हो ।

प्रधानमन्त्री देउवाले पार्टी सभापति र प्रधानमन्त्री एउटै व्यक्ति हुनुपर्ने भाष्यसमेत निर्माण गरेका छन् । देउवाको भनाइ छ, 'प्रधानमन्त्री र पार्टी सभापति एउटै व्यक्ति भयो भने स्थायित्व हुन्छ । पार्टी बलियो हुन जरुरी छ । म भोलि सबै ठाउँमा नेपाली काँग्रेसलाई चुनाव जिताउँछु ।' नेकपाको बहुमतको सरकार भएका बेला प्रधानमन्त्री र पार्टी अध्यक्ष एउटै ब्यक्ति हुँदा फेल खाएको उदाहरण छात्यस्तै उदाहरण काङ्ग्रेसमा नभएको होइन ।नेपालमा असफल भएको हुँदा फेरि त्यही कुरा सुहाउँदो छैन । आफूले सभापति नजितेमा सरकार ढल्ने देउवाले बताए पनि उनका प्रत्यासी डा.शेखर कोइरालाले चाहिँ सभापतिमा देउवा पराजित हुँदैमा गठबन्धन सरकार नढल्ने दाबी गरेका छन । महाधिवेशनमा आफ्नो टीम विजयी बनेमा गठबन्धन सरकारलाई अझ बलियो बन(ाउने कोइरालाको प्रतिवद्धता छ । आइतबार साँझ बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा आयोजित पत्रकार सम्मेलनमा डा. शेखरले भने, 'देशको प्रधानमन्त्रीजीले अलि हाम्रो मन खल्लो बनाइदिनुभयो । निराश पार्दिनुभो । नेपाली काँग्रेसका सम्पूर्ण कार्यकर्ताहरु निराश भएजस्तो लाग्छ मलाई । उहाँले के भन्दिनु भो भने म हारें भनें यो गठबन्धन सरकार हट्छ भनेर भन्दिनुभो ।'

डा. शेखरले देउवाको भनाइको खण्डन गर्दै भने, 'म तपाईंहरुको सामुन्ने प्रण गर्न चाहन्छु, नेतृत्व परिवर्तन हुन्छ हुन्छ हुन्छ । यो नेतृत्व परिवर्तनपछि अझ बढी सुदृढ र संगठित भइकन यो गठबन्धनलाई निर्वाचनमा हामी होमिन्छौं । यो सरकारलाई अझ मजबुद बनाउने प्रयास हाम्रो नेतृत्वले गर्नेछ भनेर आश्वस्त पार्न खोजेका छन । मह(ाधिवेशनपछि आफ्नो टिमले शेरबहादुर देउवा, रामचन्द्र पौडेल र डा. शशांक कोइरालाजस्ता अनुभवी नेताहरुको मार्गदर्शन अनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन । प्रधानमन्त्री देउवा बरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री डा. शशांक कोइराला लगायतका नेताहरूको अनुभवलाई लिएर हामी अगाडि बढ्ने वाचा कोइरालाको छ ।

'महाधिवेशनलगत्तै हामी तीनवटा निर्वाचनमा केन्द्रित हुने,भागवण्डारहित, गुटबन्दीरहित, एकढिक्का बनाएर तीनवटै निर्वाचनमा हामी विजय हासिल गर्ने प्रतिवद्धता जाहेर गरेर मत मागेका छन ।' महाधिवेशनका लागि मतदानमा जानुपूर्व नेपाली काँग्रेसभित्र चलेको अर्को बहसको विषय हो- आगामी चुनावमा कस्तो अनुहार लिएर जाँदा काँग्रेसलाई सफलता प्राप्त होला ? तेह्रौं महाधिवेशनमा शेरबहादुर देउवाको नेतृत्व फेर्नुपर्ने माग गर्दै चुनावमा भिडेका कृष्णप्रसाद सिटौला अहिले देउवाको सारथी बनेका छन् । प्रधानमन्त्री देउवाले सभापतिमा हारे भने पार्टीमा हारेको प्रधानमन्त्रीलाई लिएर चुनावमा जाँदा सफल नभइने सिटौलाको तर्क छ । सिटौलाले देउवाको पक्षमा भोट माग्दै भनेका छन्, 'सभापतिमा जितेको नेता लिएर चुनावमा जानुपर्छ । जितेपछि काँग्रेसलाई हाँकेर लान सक्ने नेता चाहिन्छ । देउवाको टिममा परिपक्व नेताहरु छन् । परिपक्व नेताले पटकपटक सरकारको नेतृत्व गर्दा देशले गर्व गर्ने र जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् ।पार्टीले पछाडि फर्काउने र देशलाई अस्थिरता तिर लैजाने नेतालाई बोक्नु यथास्थितिमा राख्न खोज्नु हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : शत्रुको भय |
| कर्कट | : झमेला बड्ने | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कालिका लघुवित्तको शाखा प्रमुख गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ मंसिर**

कास्कीको पोखरामा केन्द्रीय कार्यालय रहेको कालिका लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण शाखाहरुको शाखा प्रमुख स्तरीय २ दिने गोष्ठी कार्यक्रम सम्पन्न भएको छ ।

२०७८ मंसिर २५ र २६ गते पोखराको लेकसाईड स्थीत होटल स्नोल्याण्डमा संचालित गोष्ठीमा ९१ शाखाहरुबाट शाखा प्रमुख एवं शाखाका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो । गोष्ठीको उद्घाटन सत्रको अध्यक्षता प्रवन्ध संचालक केशवनारायण प्रधानले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा उपस्थित संस्थाका संचालक चन्द्र बहादुर क्षेत्रीले कार्यक्रमको उद्घाटन गर्दै गोष्ठी सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो भने संचालक विश्वराज नेपालको पनि उपस्थिति रहेको थियो । उक्त २ दिने गोष्ठीमा शाखाहरुमा देखिएका समस्याहरु, लक्ष्य हासिलका लागि अपनाईने आगामी योजना र समस्या समाधानका उपायहरुको वारेमा विस्तृत छलफल भई संस्थाको नीति नियमको परिधिमा रही कारोवार संचालनको लागि प्रवन्ध संचालक केशवनारायण प्रधानले निर्देशन दिनुभएको थियो ।

कार्यक्रमको अन्तमा विभिन्न विधामा उत्कृष्ठ भएका शाखाहरुलाई संचालक विश्व नेपाल, प्रवन्ध संचालक केशवनारायण प्रधान लगायतले सम्मान गर्दै प्रमाण पत्र वितरण गर्नु भएको थियो । उद्घाटन सत्रको संचालन वरिष्ठ प्रवन्धक फणिन्द्र पाण्डेले गर्नु भएको थियो भने गोष्ठी कार्यक्रमको सहजीकरण अधिकृत याम प्रसाद अर्यालले गर्नु भएको थियो ।

# मगरात राष्ट्रिय समन्वय समितिका अध्यक्षमा पुरमती

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ मंसिर**

जनता समाजवादी पार्टीको शनिबार बागलुङमा सम्पन्न प्रथम मगरात राष्ट्रिय भेलाले २७ सदस्यीय मगरात राष्ट्रिय समन्वय समिति गठन गरेको छ ।

पाल्पाली नेता पुरमती मगरको अध्यक्षतामा समन्वय समिति गठित सोसमितिका उपाध्यक्षहरूमा हरि घर्ती, श्याममाया मगर, अमर भण्डारी र राजेश पुन, मुख्यसचिवमा कृष्ण सापकोटाले तथा सचिवहरूमा धनीलाल राना र ओमप्रसाद गुरुङ तथा कोषध्यक्षमा नेत्र थापा चयन हुनुभएको निर्वाचन समितिले जनाएको छ ।

पहिचानसहितको सङ्घीयतको माग गरिरहेको पार्टीले गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका ११ जिल्लालाई समेटेर समन्वय समिति गठन गरेको हो । गण्डकी प्रदेशमा नवलपुरकी नेता सुस्मिता थापाको संयोजकत्वमा २७ सदस्यीय समिति गठन भएको छ । कर्णालीमा ओमबहादुर पुनलाई संयोजकको जिम्मेवारी दिइएको छ । समितिका सदस्यहरू चयन हुन बाँकी रहेको जसपाले जनाएको छ । लुम्बिनी प्रदेशको संयोजकमा अर्घाखाँचीका टोपबहादुर बराल चयन हुनुभयो । लुम्बिनीमा पनि २७ सदस्यीय समिति बनेको छ ।

भेलालाई सम्बोधन गर्दै जसपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुरामभट्टराईलेसंविधानलेगरेका धर्मनिरपेक्ष राष्ट्र र गणतन्त्रलाई संरक्षण गर्दै सङ्घीयताको पुनःसंरचनाका लागि संविधान संशोधन आवश्यक रहेको बताउनुभयो ।

# नौबिसे दुग्ध सहकारीको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ मंसिर**

पोखरा महानगरपालिका वडा नं. २९ र ३० मा रहेको नौबिसे दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडको १५औं बार्षिक साधारण सभा ताथ सात औं अधिवेशनले आगामि कार्यकालको लागि सरज्यू अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

संस्थाको उपाध्यक्षमा किरणराज भण्डारी तथा सन्जयबाबु भट्टराई, दुर्गा देवी अधिकारी र पूष्पराज चापागाई क्रमश सचिव, सह–सचिव तथा कोषाध्यक्षमा निर्वाचित भएका छन् । उक्त अधिवेशनले संस्थाको सदस्यहरुमा वलराम अधिकारी, भवानीप्रसाद ढकाल, शान्ता पौडेल, पार्वती सिग्देल, माया भारती तथा दिपेन्द्र सापकोटा निर्वाचित भएका छन् । सात औं अधिवेशनले बिभिन्न समिति समेत गठन गरेको छ । लेखा समितिको संयोजकमा शक्ति वल्लभ ढकाल रहेका छन् भने सदस्यहरुमा चन्द्रकान्त देवकोटा र अजुर्न आर्चाय चयन भएका छन् । त्यस्तै दुग्ध संकलन उपसमितिको संयोजकमा भवानी ढकाल रहेका छन् भने सदस्यहरुमा विक्रम वसौला र शान्ती सुबेदी चयन भएका छन् ।

ऋण समितिको संयोजकमा वलराम अधिकारी रहेका छन् भने शिक्षा समितिको संयोजकमा शान्ता पौडेल र सदस्यहरुमा क्रमश श्याम अधिकारी र राजन राई चयन भएको निर्वाचन संयोजक राजेश्वर शर्माले जानकारी दिएका छन् । विभिन्न विधामा कृषकलाई पुरस्कार वितरण गरिएको अधिवेशनको प्रमुख अतिथि वडा नं. २९ का वडा अध्यक्ष चेतबहादुर गुरुङ्ग रहनु भएको थियो । संस्थाका अध्यक्ष बाबुराम ढकालको सभापतित्व सम्पन्न कार्यक्रमको संचालन संस्थाका सचिव सन्जयबाबु भट्टराईले गरेका थिए ।

# प्राङगारिक खेतीका लागि आईपीएम कृषक पाठशाला

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ मंसिर**

म्याग्दीको बेनी नगरपालिका-२ खबरामा एकीकृत शत्रुजीव व्यवस्थापन (आईपीएम) कृषक पाठशाला सञ्चालनमा आएको छ ।

कृषकलाई रासायनिक विषादी र मलको विकल्पमा प्राङ्गारिक विधिबाट खेती गर्न आवश्यक ज्ञान सीप प्रदान गर्ने उद्देश्यले क्षेत्रीय बाली संरक्षण प्रयोगशाला पोखराको आर्थिक सहयोगमा खबरा आईपीएम कृषक समूहमार्फत पाठशाला सञ्चालनमा आएको हो । समूहका सचिव सङ्गिता शर्माले स्थानीयस्तरमा उपलब्ध प्राङगारिक मल, गाईभैंसीको मुत्र र जैविक विषादीको प्रयोगबाट रोगकीरापहिचानतथाव्यवस्थापन गर्न पाठशाला सञ्चालन गरिएको बताउनुभयो । "तितेपाती, असुरो, खरानी, गाईभैंसीको मुत्रको प्रयोगबाट खेतीबालीमा लाग्ने रोग कीरा नियन्त्रण गरी स्वच्छ फसल उत्पादन बढाउने उद्देश्यले पाठशालामा सहभागी भएका हौँ", उहाँले भन्नुभयो "रासायनिक मल र विषादीका लागि हुने लगानी तथा स्वास्थ्यमा पर्ने असर न्यूनीकरणका लागि प्राङ्गारिक खेतीमा जोड दिएका छौँ ।"

गत कात्तिक २८ गतेदेखि सुरु भएको १६ हप्तासम्म सञ्चालन हुने पाठशालामा २५ जना कृषक सहभागी छन् । हरेक हप्ताको शनिबार चार घण्टा भेला गराएर सैद्धान्तिक विषयमा अभिमुखीकरणका साथै प्रयोगात्मक अभ्यास गराइएको आईपीएम सहजकर्ता सोबित शर्माले बताउनुभयो । प्रयोगात्मक अभ्यासका लागि एक रोपनी जमिनमा सामूहिक आलु खेती गरेका छन् । पाँच वटा प्लटमा आईपीएम र परम्परागत विधिबाट फरकफरक जातका आलुका विरुवा रोपेका छन् । जसबाट आईपीएम र परम्परागत विधिबाट खेती गर्दाको फरक पहिचान गर्न सकिने बताइएको छ । कृषकले सामूहिक तथा व्यक्तिगत हिसाबले पनि आलु र तरकारी खेती गरेको अर्का सहजकर्ता क्षेत्रबहादुर कटुवालले बताउनुभयो । "खेतीबालीमा शत्रुजीव मात्र हुँदैन, मित्रजीव पनि हुन्छन् भन्ने ज्ञान कृषकमा कम छ", उहाँले भन्नुभयो, "कुन जीव मित्र र शुत्र हो भन्ने पहिचान नगरी जथाभावी विषादी प्रयोग गर्दा बेफाइदा गर्ने भएकाले शत्रुजीवलाई जैविक विषादीबाट नष्ट गर्ने ज्ञान, सीप सिकाउन पाठशाला चलाउनु परेको हो ।"

जिल्ला सदरमुकाम बेनी बजारसँगै रहेका खबरा व्यवसायिक तरकारी र केरा खेतीको पकेट क्षेत्र हो । करिब २०० घरधुरीको बसोबास रहेको खबरामा अधिकांशले तरकारी तथा केरा खेती गर्दै आएका छन् । दुई वर्षअघि केरा खेतीमा देखिएको बोट सुक्ने समस्या पनि जैविक विधिबाट समाधान गरिएको कृषकहरूले बताएका छन् । प्राङ्गारिक खेतीका लागि गाईभैंसीको गोठ सुधार र मुत्र सङ्कलन गर्न थालेका छन् ।

# प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिताको उपाधि गैँडाकोट तेक्वान्दो डोजाङलाई

**रासस**
**नवलपुर, २६ मंसिर**

राष्ट्रिय तेक्वान्दो सङ्घ नेपाल गैँडाकोट नगर समितिको आयोजमा गैँडाकोटमा सम्पन्न प्रथम गण्डकी प्रदेशस्तरीय आमन्त्रण तेक्वान्दो प्रतियोगितामा नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोट तेक्वान्दो डोजाङ पहिलो भएको छ । सात स्वर्ण, आठ रजत र पाँच कास्य गरी कूल २० पदकसहित गैँडाकोट तेक्वान्दो डोजाङ पहिलो भएको हो ।

त्यस्तै रुपन्देहीको नवप्रताप तेक्वान्दो डोजाङ छ स्वर्ण, सात रजत र सात कास्य गरी २० पदकसिहत दोस्रो तथा चितवनको बाह्रघरे तेक्वान्दो डोजाङ चार स्वर्ण, सात रजत र तीन कास्य गरी १४ पदकसहित तेस्रो भएको राष्ट्रिय तेक्वान्दो सङ्घ नेपाल गैँडाकोट नगर समिति अध्यक्ष गोपाल परियारले जानकारी दिनुभयो । गैँडाकोटमा शुक्रबार र शनिबार गरी दुई दिनसम्म भएको उक्त प्रतियोगितामा चितवनको माडी तेक्वान्दो डोजाङले सन्त्वना स्थान प्राप्त गरेको परियारले बताउनुभयो । प्रतियोगितामा गण्डकी, बागमती र लुम्बिनी प्रदेशका ११ जिल्लाबाट जम्मा २०० खेलाडी सहभागी थिए । छात्र र छात्राहरूको छुट्टाछुट्ट प्रतिस्पर्धा गराइएको प्रतियोगितामा रुपन्देहीका तेक्वान्दो खेलाडी विजय थारू र सञ्जिता गुरुङ उत्कृष्ट खेलाडी घोषित हुनुभएको छ । प्रतियोगितामा विजेता खेलाडीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो भने उत्कृष्ट हुने डोजाङलाई ट्रफी प्रदान गरिएको अध्यक्ष परियारले बताउनुभयो । प्रतियोगिताको शनिबारसाँझसमापनगर्दैगैँडाकोट नगरपालिका प्रमुख छत्रराज पौडेलले खेलले खेलाडीको स्वास्थ्य र पहिचानमा महत्वपूर्ण सहयोग गर्ने बताउनुभयो ।

खेलका कारण खेलाडीमा अनुशासन कायम हुने जनाउँदै विद्यालय तहबाट नै विद्यार्थीलाई खेलकुदमा सहभागी गराउनुपर्ने उहाँको भनाइ थियो ।

# फोनिज बागलुङका अध्यक्षमा छन्त्याल

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ मंसिर**

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) बागलुङको तेस्रो अधिवेशनबाट प्रकाश छन्त्यालको अध्यक्षतामा नयाँ समिति चयन भएको छ ।

सस्थाको उपाध्यक्षमा मञ्जुल शाक्य, सचिवमा डम्बर बुढा, कोषाध्यक्षमा तिलक घर्ती र सहसचिवमा छलिता बुढा चयन हुनुभएको छ । शनिबार भएको अधिवेशनमा शर्मिला रोका, लक्ष्मी अर्गेजा, देउमाया राना, सुरेश छन्त्याल सदस्यमा चयन भएको निर्वतमान अध्यक्ष सङ्गम घर्तीमगरले बताउनुभयो । अधिवेशनबाटै सङ्घीय महाधिवेशन प्रतिनिधिमा दिल शिरिष, राजेशचन्द्र राजभण्डारी, सङ्गम घर्ती, मनिष थापा र यामबहादुर थापा चयन हुनुभएको छ । त्यस्तै प्रदेश महाधिवेशन प्रतिनिधिमा लीला थापा, विजय राना, चक्रवीर थापा, प्रशान्त घर्तीमगर, सुरेश पुन र रोम थापा चयन भएको बताइएको छ । समारोहमा फोनिज गण्डकीका महासचिव रुद्र श्रीष मगरले पिछडिएको क्षेत्रको प्रतिनिधित्व गर्दै पत्रकारितामा पनि अब्बल बन्ने मञ्च तयार पार्नका लागि फोनिज उपयोगी भएको बताउनुभयो ।

# छानोविहीन घरमा रात बिताउँदै वृद्ध दम्पती

**पोखरापत्र संवाददाता**
**दमौली, २६ मंसिर**

ढुङ्गामाटोले बनेको घर । खरले छाएको छानो, तर अहिले घरमा त्यही खरको छानो पनि छैन । गत असारमा गएको पहिराले घर भत्किएको छ । छानो नभएको घरमा छन् एक वृद्ध दम्पती ।

कठ्याङ्ग्रिद्रो चिसोमा छानोविहीन घरमा बस्न बाध्य छन् म्याग्दे गाउँपालिका-५ झिरुवासका ७५ वर्षीय धनबल गुरुङ र उहाँकी श्रीमती । भत्किएको टहरो, च्यातिएको गुन्द्री र केही थान च्यातिएको कपडासहित धनबल दम्पती विगत छ महिनादेखि कष्टकर जीवनयापन गर्न बाध्य हुनुहुन्छ । चिसोयाम, घरमा खाने अन्न र रातमा सुत्ने ओछ्यान नहुँदा धनबल भने श्रीमती र छोराछोरीका साथ भत्किएको टहरो हेर्दै बस्न बाध्य हुनुहुन्छ । उमेरले नेटो काटिसकेको बुढ्यौली शरीर लिएर केही उपाय नलागेपछि उहाँहरू जोखिमयुक्त टहरामा रात कटाउन बाध्य हुनुहुन्छ ।

चार छोरा र पाँच छोरीका बुबा धनबलका छोरा सवारी चालक भए तापनि आर्थिक अवस्था कमजोर भएपछि छानो फेर्न सक्नुभएको छैन । जसोतसो माइलो छोरा आफैले ऋण खोजेर साउदी गए पनि बाँकी दुई छोराको जिम्मेवारी धनबलकै काँधमा छ ।

सरकारले गरिब विपन्नका नाममा विभिन्न कार्यक्रम ल्याए पनि आफूहरूलाई कसैले नहेरेको उहाँको गुनासो छ । सरकारले सुरक्षित नागरिक आवास कार्यक्रम स्थानीय तहमार्फत् सञ्चालन गर्दै आए पनि त्यो कार्यक्रम धनबलसम्म पुग्न सकेको छैन । "सुन्दा त सरकारले के के कार्यक्रम ल्याएको छ भन्छन्, तर हामी यसरी बसेको छ महिना बित्न लागिसक्यो", उहाँले भन्नुभयो ।

गत असारमा पहिरो गए पनि कुनै राहत नपाएको उहाँको गुनासो छ । "खरको छानो भत्किएर घरको नाल र भाटा नै भाँचिएका छन्, अन्त जाने ठाउँ छैन जसोतसो यही बसेका छौ", उहाँले भन्नुभयो, "कसैले सहयोग गर्दैनन्, कहाँ जानु र ?" सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत तत्काल खरको, अथवा कच्ची छानो हटाएर रु ५० हजार बराबरको जस्ताको छानो छाउने कार्यक्रम सरकारले लागू गरे पनि उहाँ यसबारेमा अनभिज्ञ हुनुहुन्छ ।

म्याग्दे गाउँपालिका-५ का वडाध्यक्ष शिवबहादुर आलेले पहिराले घर भत्किएपछि सुरक्षित स्थानमा सर्ने काम सम्बन्धित व्यक्तिको भएको प्रतिक्रिया दिनुभयो । "वडाध्यक्ष आफैले घर खोजेर राख्ने होइन, त्यो त सम्बन्धित व्यक्तिले गर्ने कुरा हो", उहाँले भन्नुभयो । नागरिक आवास कार्यक्रमअन्तर्गत काम भइरहेको र त्यसले चाँडै पूर्णता पाउने उहाँले बताउनुभयो ।

# तनहुँको छिम्केश्वरीमा केबुलकार निर्माण हुने

-कृष्ण न्यौपाने
दमौली, २६ मंसिर

तनहुँको सबैभन्दा अग्लो डाँडा छिम्केश्वरीमा केबुलकार निर्माण हुने भएको छ।

पर्यटकीय नगरी बन्दिपुरमा केबुलकारसहित पूर्वाधार निर्माण गरिरहेको बन्दिपुर केबुलकार एन्ड टुरिजम लिमिटेडले दोस्रो परियोजनाको रूपमा छिम्केश्वरीमा केबुलकार निर्माण गर्न लागेको हो । समुन्द्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा छिम्केश्वरी अवस्थित छ।

छिम्केश्वरीलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने उद्देश्यसहित केबुलकार निर्माण गर्न लागिएको लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । "केबुलकार निर्माण भएपछि छिम्केश्वरीको विकासमा थप टेवा पुग्नेछ," उहाँले भन्नुभयो। छिम्केश्वरी माई मन्दिरमा अहिले पनि उल्लेख्य मात्रामा भक्तजन आउने गरेकामा केबलकार निर्माणपछि उक्त सङ्ख्या झन् थपिने शर्माले विश्वास व्यक्त गर्नुभयो।

छिम्केश्वरी केबुलकार परियोजनाको लागत रु एक अर्ब १० करोड रहने अनुमान गरिएको छ । परियोजनाले छिम्केश्वरीमा रिसोर्टसमेत निर्माण गर्ने लक्ष्य राखेको छ। तीन हजार ६०० मिटर लामो रहने केबुलकारले दैनिक १० हजार यात्री बोक्ने क्षमता राख्ने अध्यक्ष शर्माले बताउनुभयो।

केबुलकार निर्माणका लागि पृथ्वीराजमार्गको खानीखोलामा २२ रोपनी जग्गा खरिद गरिसकिएको उहाँको भनाइ छ। थप २५ रोपनी हकभोग गर्दै आएको तर लालपुर्जा नभएका जग्गा नियमपूर्वक गाउँपालिकाको रोहवरमा खरिद गर्ने तयारी गरिएको छ। एक हजार ८०० मिटर पार गरेपछि खर्कमा केबुलकारको ट्रान्जिट स्टेशन रहनेछ । "यस ठाउँमा आकर्षक सांस्कृतिक रिसोर्ट निर्माण गरिनेछ, यो ठाउँ समुन्द्र सतहदेखि एक हजार २०० मिटरको उचाइमा अवस्थित छ," उहाँले भन्नुभयो, "यहाँ ३० रोपनी जग्गा खरिद गरिसकिएको छ ।" हकभोग गरेको थप ६० रोपनी जग्गासमेत गाउँपालिकाको रोहवरमा नियमपूर्वक खरिद गर्ने प्रक्रिया अगाडि बढेको अध्यक्ष शर्माको भनाइ छ। "थप ४० रोपनी लालपुर्जा रहेको जग्गा खोजी कार्य गरेका छौँ," उहाँले भन्नुभयो, "सरकारसँग थप ५० रोपनी जग्गा लिजमा लिएर १९० रोपनी क्षेत्रफल जग्गामा अत्याधुनिक संस्कृति थिमपार्क रिसोर्ट बनाउने रणनीति छ ।" तीन हजार ६०० मिटर पार गरेपछि माथिल्लो स्टेशनमा पुगिनेछ । त्यस ठाउँमा भने कम्पनीको नाममा जग्गा खरिद नगरिने बताइएको छ । नेपाल सरकारसँग एक सय रोपनी जग्गा लिजमा लिएर धार्मिक गतिविधिको केन्द्र बनाउने कम्पनीको रणनीति रहेको अध्यक्ष शर्माले बताउनुभयो। यसै स्थानमा चर्चित देवी काली माँ छिम्केश्वरीको मन्दिर छ। केबुलकार निर्माणका लागि सबैखालका अनुमति प्राप्त भइसकेको र डीपीआर बनाउनका लागि सीआरएस इन्डियालाई जिम्मेवारी प्रदान गरिएको कम्पनीले जनाएको छ। त्यस्तै आईई प्रक्रिया अगाडि बढेको र निर्माण सुरु भएको दुई वर्षभित्र केबुलकार सञ्चालनमा ल्याउने बताइएको छ। गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरी लेकमै अवस्थित छन् भने साइली गोरखा कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । विशेष गरी नयाँ वर्ष र होलीको अवसरमा विभिन्न जिल्लाबाटभक्तजनछिम्केश्वरीसम्म पुग्ने गरेका छन्। पृथ्वीराजमार्गस्थित आँबुखैरेनीबाट लाब्दीसम्म १५ किमि कच्ची सडकमा जिप यात्रा र त्यसपछि पदयात्रामार्फत छिम्केश्वरी पुग्न सकिन्छ । छिम्केश्वरीबाट अपि, सैपाल, धौलागिरी, अन्नपूर्ण, मनास्लु, बुद्ध, माछापुच्छ्रेलगायत हिमाल अवलोकन गर्न सकिन्छ। छिम्केश्वरीपुग्नेभक्तजनकोसजिलोकालागि छिम्केश्वरीको काखमा घरवाससमेत सञ्चालनमा ल्याएको छ। पर्यटकीय गाउँ हिलेखर्कमा स्थानीयवासीले केही वर्ष अगाडिदेखि घरवास सञ्चालन गर्दै आएका हुन्। गुरुङ समुदायको बाहुल्य रहेको यहाँका घरवासमा आउनेलाई कोदो तथा फापरको ढिँडो, फापर र कोदोको सेल रोटी, भुटेको भटमास, गुन्द्रुकको अचार दिइने गरेको घरवास व्यवस्थापन समितिले जनाएको छ। हिलेखर्कका दुईवटा घुमाउने घरले पनि यहाँ पुग्ने सर्वसाधारणलाई लोभ्याउने गरेको छ। त्यस्तै लाब्दी गाउँमा पनि घरवास सञ्चालनको तयारी गरिएको छ। त्यसका लागि लाब्दी भोटेश्वारा सामुदायिक घरवास व्यवस्थापन समिति गठन गरिएको छ।

# जोमसोम-कोरला सडकको छ खण्ड निर्माण सकियो

पोखरापत्र संवाददाता
म्याग्दी, २६ मंसिर

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत जोमसोम-कोरला सडकको छवटा खण्ड स्तरोन्नतिको काम सकिएको छ।

मुस्ताङको सदरमुकाम जोमसोमबाट चीनको सिमाना कोरला नाका जोड्ने ११० किलोमिटर सडक दुई लेनको ग्राभेल बनाउन बेनी-जोमसोम-कोरला सडक आयोजनाले विसं २०७३/७४ देखि सातवटा खण्डमा ठेक्का लगाएको थियो।

आयोजनाका प्रमुख जगत् प्रजापतिले चराङ-छोसेर २५ किलोमिटरबाहेक अन्य छवटा प्याकेजको ७५ किलोमिटर सडक विस्तार, पर्खाल, नाली निर्माण, घुम्ती र ग्रेड सुधार गरी ग्राभेल गर्ने काम सकिएको बताउनुभयो। "जोमसोम-कोरला खण्डको छवटा प्याकेजमा सडक स्तरोन्नति सकिएको छ", उहाँले भन्नुभयो, "ढिलासुस्तीले प्रभावित भएको चराङ-छोसेर खण्डलाई गति दिन निर्माण व्यवसायीलाई ताकेता गरिरहेका छौँ।" जोमसोम-कोरला सडक स्तरोन्नतिका लागि रु दुई अर्ब छ करोड बजेट विनियोजन भएको थियो । जोमसोम-ताङ्वे १८ किलोमिटर बज्रगुरु खड्गकृष्ण जेभी, ताङ्वेबाट चैलेसम्म ११ किलोमिटर दिवाडाफे एपेक्स जेभी, चैलेबाट भेनासम्म ११ किलोमिटर कान्छाराम कोसी एण्ड न्यौपाने जेभी र भेनाबाट झैतेसम्म १२ किलोमिटर सडक कञ्चनजङ्घा लामा बिल्डर्स बिरुवा जेभीले ठेक्का लिएका थिए।

झैते-चराङ १९ किलोमिटर कञ्चनजङ्घा लामा मोतीदान जेभी र छोसेर-कोरला १४ किलोमिटर सडक स्तरोन्नतिको जिम्मा रौताहा एपेक्स जेभी कन्ट्रक्शनले लिएका थिए। तामाङ गौरी पार्वती कोसी एण्ड न्यौपाने जेभीले ठेक्का लिएको छैटौं खण्डको चराङ-छोसेर २५ किलोमिटर सडकमा तीन वर्षदेखि काम भएको छैन। उक्त खण्डका लागि रु २४ करोड बजेट विनियोजन भएकामा रु १५ करोड मात्र खर्च भएको छ। ६५ प्रतिशत निर्माण सकिएको छ । चराङमा कुलो र ढलको काम बाँकी छ। अरू ठाउँमा कटिङ र फिनिसिङको काम हुन बाँकी छ।

लामो समयदेखि सो खण्डमा निर्माण कम्पनीले बेवास्ता गर्दै आएकाले उसको नाममा जम्मा भएको रु एक करोड नौ लाख मोबिलाइजेसन आयोजनाको खातामा फिर्ता ल्याएको प्रजापतिले बताउनुभयो।

भौतिक पूर्वाधार मन्त्रालयले कोभिडका कारण कम्पनीलाई यही चैत महिनाभित्र काम सक्न समयसीमा दिएको छ। सरकारले दिएको अवधिमा पनि निर्माण कम्पनी काममा नफर्किए ठेक्का सम्झौता रद्द गरी नयाँ ठेक्का प्रक्रिया अघि बढाइने आयोजना प्रमुख प्रजापतिले बताउनुभयो।

राष्ट्रिय गौरवका आयोजनाका रूपमा रहेको यस सडकखण्डको सबैभन्दा चुनौतीपूर्ण स्थानमा भने स्तरोन्नतिको काम सम्पन्न भएको छ। आयोजनाका अनुसार समरको भीर, झोखोला र घ्याकरको अप्ठ्यारो खण्ड निर्माण सम्पन्न भइसकेको छ । घ्याकरमा मापदण्डअनुसार ग्रेड मिलान गरेर वैकल्पिक सडक निर्माण भइसकेको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो।

# बन्दीपुरका झप्रीडाँडा र काफलस्वाँरालाई पकेट क्षेत्र घोषणा

पोखरापत्र संवाददाता
दमौली, २६ मंसिर

तनहुँको बन्दीपुर गाउँपालिकाले दुई वडालाई धान र सुन्तला पकेट क्षेत्र घोषणा गरेको छ । व्यावसायिकरूपमा धान र सुन्तला उत्पादनका लागि गाउँपालिकाले दुई वडालाई पकेट क्षेत्रका रूपमा घोषणा गरेको हो।

बन्दीपुर-४ झप्रीडाँडालाई धान र बन्दीपुर-६ काफलस्वाँरालाई सुन्तला पकेट क्षेत्र घोषणा गरिएको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो । "धान र सुन्तलाको व्यावसायिक उत्पादन गर्दै कृषकलाई आत्मनिर्भर बनाउन यो कार्यक्रम लागू गरेका हौँ", उहाँले भन्नुभयो, "कार्यक्रमअन्तर्गत कृषकलाई सघाउँछौँ ।" साना व्यावसायिक कृषि उत्पादन केन्द्र (धान पकेट) विकास कार्यक्रम झप्रीडाँडास्थित खलटारी, बेलटारी, तिसहुरे, साठी खेतमा सञ्चालन हुनेछ । तीन सय रोपनी क्षेत्रफलमा सञ्चालन हुने कार्यक्रमका लागि गाउँपालिकाले रु पाँच लाख ७० हजार अनुदान दिएको छ । त्यसमा कृषकले रु तीन लाख ३७ हजार ५०० लागत सहभागिता बेहोर्नुपर्नेहुन्छ।

निर्वाहमुखी धानखेती गर्दै आएका कृषकले यो कार्यक्रमपछि व्यावसायिकरूपमा धानखेती गर्ने लक्ष्य लिइएको गुरुङलेबताउनुभयो।"धानउत्पादन वृद्धिका लागि यान्त्रीकरणमा पनि सहयोग गर्छौं", उहाँले भन्नुभयो, "यसले कृषकलाई व्यावसायिक बनाउनुका साथै धान उत्पादनमा सहयोग पुग्नेछ।" बन्दीपुर-६ काफलस्वाँरामा साना व्यावसायिक कृषि उत्पादन केन्द्र (सुन्तला पकेट) कार्यक्रमका लागि गाउँपालिकाले रु पाँच लाख ५० हजार अनुदान दिनेछ। रु दुई लाख ७२ हजार ५०० कृषकले लागत सहभागिता बेहोर्नुपर्नेहुन्छ । दुई सय ५० रोपनी क्षेत्रफलमा सञ्चालन हुने कार्यक्रममार्फत यस गाउँमा सुन्तला उत्पादन वृद्धि गर्ने लक्ष्य राखिएको छ । काफलस्वाँरा गाउँपालिकाको राम्रो सुन्तला उत्पादन हुने क्षेत्र हो । यहाँका ३२ घरधुरीले सुन्तला खेती गर्दै आएका छन्। यहाँबाट वार्षिक करिब रु २० लाखसम्मको सुन्तला उत्पादन हुने गरेको छ।

सुन्तलाको पकेट क्षेत्रका रूपमा घोषणा गरिएपछि यहाँ वार्षिकरूपमा सुन्तला उत्पादन वृद्धि हुने लक्ष्य लिइएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो।

# पुल तर्न दश शुल्क !

पोखरापत्र संवाददाता
तनहुँ, २६ मंसिर

पुल तर्दा रु १० शुल्क लाग्छ भन्दा जो कसैलाई अचम्म लाग्न सक्ला तर तनहुँको मादी नदीमाथि बनाइएको पुल तर्दा शुल्क तिर्नुपर्छ । व्यास नगरपालिका-५ बेनीपाटनमा सोही वडास्थित पाटन युवा क्लबको आयोजनामा प्रथम दमौली पाटन सांस्कृतिक एवं पर्यटन महोत्सव यही मङ्सिर २४ गतेदेखि सञ्चालनमा ल्याइएको छ।

मादी नदीमाथि झोलुङ्गे पुल निर्माण गरिएको भए पनि पुलको मुखमा प्रहरी राखेर सीमित मानिस मात्रै आवतजावतका लागि व्यवस्था मिलाइएको छ । महोत्सवमा हुनसक्ने दर्शकको भीडलाई मध्यनजर गर्दै स्थानीय बोटे समुदायले मादी नदीमाथि बाँसको अस्थायी पुल निर्माण गरेका हुन्।

पाटन बोटे समाजका अध्यक्ष टेकबहादुर बोटेको सक्रियतामा करिब ३५ जना बोटेद्वारा दुई दिन लगाएर बाँसको पुल निर्माण गरिएको बताउनुभयो । भैरव बोटे, लोके बोटे, उत्तम बोटे, डिले बोटेलगायतका स्थानीय बोटेको सक्रियतामा बाँसको अस्थायी पुल निर्माण गरिएको हो।

व्यास-३ को व्यासगुफाबाट व्यास-५ को पराशर आश्रम निस्कने गरी निर्माण गरिएको पुलबाट महोत्सवस्थल जानका लागिसमेत छोटो दूरी पर्दछन्। बाँसको पुल तर्दा लिइएको रु १० ले सीमान्तकृत बोटे समुदायको सामाजिक कार्यमा खर्च गर्ने उद्देश्य राखिएको स्थानीयवासी मङ्गलबहादुर बोटेले जानकारी दिनुभयो।

# प्रदूषण र अतिक्रमणले जैविक विविधता नासिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २६ मंसिर

वातावरणीय प्रदूषण र मानवीय अतिक्रमणका कारण म्याग्दीका नदी तथा खोलाबाट जलचर प्राणी लोप हुँदै जान थालेका छन्।

जथाभावी भइरहेको नदी दोहन, फोहरमैला विर्सजन तथा बाढी पहिराका कारण कालीगण्डकी, म्याग्दी र रघुगङ्गा नदीबाट जलचर प्राणी नासिनाका साथै यस क्षेत्रको जैविक विविधता खल्बलिँदै गएको वातावरण संरक्षणकर्मीले बताएका छन् । विगत पाँच वर्षदेखि यी जलाधार क्षेत्रमा गएको पहिरो, बाढी र अत्यधिक मात्रामा भएको नदीको दोहनका कारण यी नदीहरूमा रहेका जलचर प्राणी लोप हुँदै गएको उनीहरूको भनाइ छ । भगवान विष्णुको प्रतिक मानेर पुजिने बहुमूल्य शिला शालिग्राम र जलचर प्राणीको बासस्थान मानिएको कालीगण्डकी नदीको नारच्याङ क्षेत्रदेखि सदरमुकाम बेनीसम्मको क्षेत्रमा जलचर प्राणीको अस्तित्व लोप हुँदै गएको पाइएको छ । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन जलविद्युत् अयोजनाका कारण पानीको प्राकृतिक गुणमा परिवर्तन भई वातावरणीय असन्तुलन हुन थालेपछि जलचरको अस्तित्व सङ्कटमा परेको सरोकारवालाले बताएका छन्। नारच्याङ जलचर र जङ्गली जनावरको बासस्थानका लागि अत्यन्त अनुकूल स्थान भएको ठाउँ भनेर चिनिन्छ । पछिल्लो समय यहाँका नदी तथा खोलाबाट विद्युत् आयोजना निर्माण गर्ने होडबाजी नै चलेकाले यहाँका जलचर प्राणी सङ्कटमा परेको नारच्याङमा निर्माणाधीन मिस्त्रीखोला जलविद्युत् आयोजनाको वातावरण एकाइमा कार्यरत शिव पुर्जाले बताउनुभयो । नारच्याङमा १५७ मेगावाटका पाँच जलविद्युत् आयोजना निर्माणाधीन छन् । निर्माणाधीन रहेका ती जलविद्युत् आयोजनाका स्रोत भनेका यहाँ रहेका नदी तथा खोला नै हुन् । बाढी पहिरो र नदीजन्य वस्तुको अप्राकृतिक उत्खनन् पनि जलचर प्राणी नासिनुका मुख्य कारण रहेको वातावरण संरक्षणकर्मीले बताएका छन् । म्याग्दी, कालीगण्डकी र रघुगङ्गा क्षेत्रमा गएको पहिरो तथा बाढीले नदीको जलचक्र प्रणाली नै खल्बल्याई दिएकाले जलचरको बासस्थान नास हुँदा उनीहरू लोप हुने अवस्थामा पुगेका वातावरण संरक्षणकर्मी श्रीराम सिग्देलले बताउनुभयो।

उहाँका अनुसार नदीमा आउने बाढीले नदीलाई धमिल्याइ आहाराको अभाव गराइ दिने मात्र होइन त्यसले जलचरको अनुकूलन अवस्थालाई पनि क्षति पुऱ्याइ दिने भएकाले त्यस ठाउँमा रहनसक्ने अवस्था नभए पछि जलचर प्राणी तलतल तिर सर्दै जान्छन्।

यहाँका तीन वटै जलाधार क्षेत्रमा नदीजन्य वस्तुको चोरी निकासी बढेर गएको छ। नदीमा डोजर र स्काभेटरजस्ता भारी साधन प्रयोग गरेर जथाभावी नदीजन्य वस्तु निकाल्दा त्यसको असर जलचर प्राणीमा पनि परेको र उनीहरू नासिँदै गएको वातावरण संरक्षणकर्मीको भनाइ छ। त्यसैगरी बजार तथा ग्रामीण क्षेत्रको फोहोर विर्सजन गर्ने ठाउँ नदी तथा खोला नै बन्ने गरेका छन् । नदीमा फोहोर विर्सजन गर्दा रासायनिक तत्वको प्रभावले जलचर प्राणीको अस्तित्व जोखिममा परेको वातावरणविद्हरूको भनाइ छ।

# अन्नपूर्ण पदमार्गमा बढे पर्यटक

पोखरापत्र संवाददाता
लमजुङ, २६ मंसिर

चक्रिय अन्नपूर्ण पदमार्गमा आउने पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ। कोरोना सङ्क्रमणबाट प्रभावित चक्रिय अन्नपूर्ण पदमार्गमा यतिबेला दैनिक १५० देखि २०० जनासम्म पर्यटक आउन थालेका छन्। दोस्रो कोरोना सङ्क्रमणको जोखिम कम भएसँगै सुनसान जस्तै बनिरहेको यस पदमार्गमा यतिबेला पर्यटकको चहलपहल हुँदा पर्यटन व्यवसायी हर्षित हुन थालेका छन्।

केही महिनादेखि दुई/चार जनाबाट सुरु हुँदै २५/३० जनासम्म आउन थालेका पर्यटक कात्तिकबाट दैनिक दुई हाराहारीमा पर्यटक आउने क्रम निरन्तर चलिरहेको छ । विदेशी पर्यटक ४० देखि ५० र आन्तरिक पर्यटक १५० देखि २०० जनाको हाराहारीमा पर्यटक पदमार्गमा आउने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीले जनाएको छ।

यस कार्यालयका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले भन्नुभयो, "कोरोना सङ्क्रमणको जोखिम बढेपछि पदमार्गमा पर्यटक आगमन ठप्प हुँदा निराश बनेका यस पदमार्ग आसपासमा पर्यटन व्यवसायी यतिबेला पर्यटक आउन थालेपछि पर्यटकको सेवामा व्यस्त बन्दै राम्रो आम्दानी गरिरहेका छन्, चिसो समय हुँदासमेत पर्यटक आगमन भइरहेको छ।" कोरोना प्रभावित बनेको यहाँ यतिबेला पर्यटकको चहलपहलले केही पैसा भने पनि दैनिक आम्दानी भइरहेको मर्स्याङ्दी गाउँपालिका -४ का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटकको चाप बढ्ने यस पदमार्गमा कोरोनाले प्रभावित हुँदा एक दुई हजारको मुख देख्नसमेत रहर भइरहेका बेला पर्यटक आउन थालेपछि यतिबेला दैनिक रु १०/१५ हजार आम्दानी हुँदा धेरै खुसी भएको छु।" यस पदमार्ग आसपासको व्यवसाय पर्यटक आगमनले फस्टाइरहेको छ। अधिकांश पर्यटन व्यवसायी अन्नपूर्ण पदमार्गमा आउने पर्यटककैभरमा जीवन चलाउँदै आएका छन् । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीति रिवाज, प्राकृतिक सुन्दरता हेर्नलाई साथै मनाङबाट थुम्रापास हुँदै मुस्ताङ र पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङमा पर्दछ । अन्नपूर्ण पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएका छन्। यस पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीशहरमा रहेको छ। यसपदमार्गका लागि आउने पर्यटकले गर्दा बेँसीशहर बजारका होटलसमेत भरिभराउन हुने गरेका छन्।

# मुस्ताङमा पर्वतीय पैरवी सम्मेलन हुने

रासस
काठमाडौं, २६ मंसिर

जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेको प्रभावबारे जानकारी गराउन आगामी फागुन २९ र ३० गते मुस्ताङमा 'पर्वतीय पैरवी सम्मेलन (माउन्टेन एड्भोकेसी समिट-२०२२)' गरिने भएको छ।

कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक-नेपाल), द माउन्टेन फाउण्डेशन नेपाल, खाद्य सुरक्षा तथा जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय मञ्चलगायतको संयुक्त आयोजनामा जलवायु परिवर्तनका कारण पर्वतीय क्षेत्रले भोग्नुपरेको समस्या र चुनौती, सम्भावना र अवसरका बारेमा सबैको ध्यानाकर्षण गराउने उद्देश्यले सम्मेलन गर्न थालिएको हो । जलवायु परिवर्तनका कारण बढ्दै गएको तापक्रम र यसले पर्वतीय क्षेत्रमा पारेको प्रत्यक्ष असर र प्रभाव, पर्वतीय र तटीय क्षेत्रबीचको जैविक विविधता र पर्यटन विकासका लागि सम्मेलन आयोजना गर्न थालेकोकिर्डाक-नेपालकाकार्यकारी निर्देशक गोविन्दबहादुर शाहीले यहाँ आयोजित पत्रकारसम्मेलनमा जानकारी दिनुभयो।

उहाँले पर्वतीय क्षेत्र जलवायु सङ्कटका कारणले उच्च जोखिममा रहेको भन्दै यसबारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराई जोखिम न्यूनीकरण गर्न आवश्यक रहेको बताउनुभयो। केही समय अगाडि हिमाली जिल्ला मुस्ताङ्को टुकुचे हिमालमा हिम पहिरो गएको थियो।

बैमौसमी वर्षा, खडेरी, बाढीपहिरोले पर्वतीय क्षेत्रका बासिन्दाको जनजीवन र जीविकोपार्जन प्रभाव पार्नुका साथै तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने समुदायसमेत नराम्ररी प्रभावित हुँदै भइरहेको राष्ट्रिय योजना आयोगका पूर्व सदस्य मीनबहादुर शाहीले बताउनुभयो।

उहाँले पर्वतीय र तटीय क्षेत्रबीचको जैविक विविधता, कला संस्कृति र सभ्यता, जनजीवन लगायतको संरक्षण र सम्बर्द्धनका लागि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा नीति निर्माण तहमा सकारात्मक रूपमा प्रभाव पार्न नागरिक पैरवी र वकालत आवश्यक रहेको बताउनुभयो।

"पर्वतीय क्षेत्रको विकास र संरक्षणका लागि जवाफदेही र उत्तरदायी सुशासन प्रणालीको प्रवर्द्धन गरी प्रभावकारी सेवा प्रवाह गर्न जरुरी छ" शाहीले भन्नुभयो, "यस क्षेत्रले विकास, संरक्षण र सम्वर्द्धनले कुनै निश्चित भूगोल र मानिसको जीविकोपार्जनमा मात्र नभइ समग्र पृथ्वी र प्राणीजगतको दिगो विकासमा महत्वपूर्ण भूमिका खेल्दछ।"